# कानेपोखरी गाउँपालिका
# Kanepokhari Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
बयरवन, मोरङ / Bayarban, Morang

प्रदेश नं. १, नेपाल
Province No. 1, Nepal


प.सं. २०७९/०८०
च.नं. ४९५

मितिः २०७९।०५।१५

**विषयः मृत्यु संस्कार व्यवस्थापन खर्च उपलब्ध गराइने लाभग्राही र खर्च प्राप्तिको विधि निर्धारण गरिएको सूचना।**

कानेपोखरी गाउँपालिकाको बाह्रौं गाउँ सभा अधिवेशनद्वारा पारित नीति तथा कार्यक्रमको बुँदा नं. (५३) ले आर्थिक तथा सामाजिकरुपले पछाडि परेका वर्ग/समुदायको परिवारको कुनै सदस्यको मृत्यु भएमा व्यक्तिगत घटना दर्ताको कार्य तत्काल गर्दै आ/आफ्नो प्रथा/परम्परा अनुसारको मृत्यु संस्कार व्यवस्थापन कार्यमा गाउँपालिकाको तर्फबाट सहजीकरण गर्न बढीमा पाँच हजार रुपैंयासम्मको सहयोग उपलब्ध गराउने भनी व्यवस्था गरिएको छ। उक्त व्यवस्थालाई चालु आर्थिक वर्षमा कार्यान्वयनमा लैजानका लागि मिति २०७९।०४।२४ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको बैठकले देहायमा उल्लिखित लाभग्राहीहरुलाई तपसिल बमोजिमको पद्धतिभित्र रहेर मात्र मृत्यु संस्कार व्यवस्थापन खर्च उपलब्ध गराउने भनी निर्णय भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**क. मृत्यु संस्कार व्यवस्थापन खर्च उपलब्ध गराइने लाभग्राहीहरुः**

१. मृतकको परिवारको स्वामित्वमा जग्गा/जमिन नभएको भनी मृतक परिवारको सदस्यले स्वः घोषणा गर्नुपर्ने,

२. मृतकको परिवारको कुनैपनि सदस्यले सरकारी वा सामुदायिक वा निजीस्तरमा मासिक बीस हजार रुपैंयाभन्दा बढी सेवा/सुविधाको रकम नलिइरहेको भनी मृतक परिवारको सदस्यले स्वः घोषणा गर्नुपर्ने,

३. मृतकको परिवारको सार्वजनिक वा ऐलानी वा पर्ती जग्गामा छत ढलान गरेको पक्की घर नभएको भनी मृतक परिवारको सदस्यले स्वः घोषणा गर्नुपर्ने।

**ख. मृत्यु संस्कार व्यवस्थापन खर्च (पाँच हजार रुपैंया) प्राप्तिको प्रकृयाः**

१. मृतक परिवारको कुनैपनि सदस्यले आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र मृतकको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यसैसाथ संलग्न ढाँचामा आवेदन गर्नुपर्ने,

२. मृतकको परिवार गाउँ कार्यपालिकाको निर्णयले तोकेको लाभग्राही परिवारभित्र पर्ने हो भनी सम्वन्धित वडाका जनप्रतिनिधिले सिफारिस गर्नुपर्ने।

२०७९।०५।१५

(सन्तोष घिमिरे)
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

# मृत्यु संस्कार खर्च प्रासिका लागि लाभग्राही परिवारले भर्नुपर्ने आवेदन फारमको ढाँचा

मितिः २०    ।    ।

श्री कानेपोखरी गाउँ कार्यपालिकाको कार्यालय,
बयरवन, कानेपोखरी गाउँपालिका, मोरङ।

**विषयः मृत्यु संस्कार व्यवस्थापन खर्च पाउँ।**

प्रस्तुत विषयमा मेरो एकासगोल परिवारभित्रको .................................. (नाता के हो ? खुलाउने) को यही मिति २०    ।    । गतेका दिन मृत्यु भएको छ। कानेपोखरी गाउँपालिकाको बाह्रौं गाउँ सभा अधिवेशनद्वारा पारित नीति तथा कार्यक्रमको बुँदा नं. (५३) ले निर्देश गरे बमोजिम मिति २०७९।०४।२४ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको निर्णय नम्बर (४) ले मृत्यु संस्कार खर्च उपलब्ध गराइने परिवार भनी तोकेको परिवार समुहभित्र म आवद्ध हाम्रो परिवार पर्ने भनी देहायमा उल्लिखित स्वः घोषणा गर्दै तपसिल बमोजिमका कागजात संलग्न गरी मृत्यु संस्कार खर्च उपलब्ध गराई दिनुहुन यो निवेदन पेश गरेको छु। मैले गरेको स्वः घोषणा र कागजात ठीक साँचो हो। फरक परे कानून बमोजिम सहुँला/बुझाउँला।

**मृत्यु संस्कार खर्च पाउने परिवारको तर्फबाट निवेदकले गर्नुपर्ने स्वः घोषणाका बुँदाहरुः**

१. म आवद्ध हाम्रो परिवारको स्वामित्वमा जग्गा/जमिन छैन।
२. सरकारी वा सामुदायिक वा निजीस्तरमा मासिक बीस हजार रुपैयाभन्दा बढी सेवा/सुविधाको रकम भुक्तानी लिनेगरी म आवद्ध हाम्रो परिवारको कुनैपनि सदस्य आवद्ध छैन।
३. सार्वजनिक वा ऐलानी वा पर्ती जग्गामा म आवद्ध हाम्रो परिवारको छत ढलान गरेको घर छैन।

**संलग्न कागजातः**

-मृतकको मृत्यु भएको ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा गई मृत्यु दर्ता गरेको प्रमाणपत्रको प्रतिलिपी,
-निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
-अन्य थप केही प्रमाण भए सो संलग्न गर्ने।

**निवेदकको-**

नामं, थरः
ठेगानाः कानेपोखरी गाउँपालिका .... नं. वडा
हस्ताक्षरः
सम्पर्क नम्बरः

कानेपोखरी गाउँपालिकाको बाह्रौं गाउँ सभा अधिवेशनद्धारा स्वीकृत नीति तथा कार्यक्रमको बुँदा (५३) ले निर्देश गरे बमोजिम मिति २०७९।०४।२४ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको निर्णय नम्बर (४) ले मृत्यु संस्कार खर्च उपलब्ध गराउने परिवार समुहभित्र निवेदकको परिवार पर्ने देखिएकाले मृत्यु संस्कार खर्च वापतको रकम उपलब्ध गराई दिनुहुन सिफारिससाथ अनुरोध गर्दछु।

जनप्रतिनिधिको नाम, थरः    हस्ताक्षरः ..............................    मितिः २०    ।    ।

माथि उल्लेख भए बमोजिमको निवेदन, सोसाथ पेश भएका कागजात एवम् विवरण र सम्बन्धित वडाका जनप्रतिनिधिको सिफारिस समेतका आधारमा मृत्यु संस्कार खर्च वापतको रकम रु. ५,०००।०० (अक्षरुपी पाँच हजार रुपैया मात्र) बुझाएको भर्पाई-

रकम बुझाउने कर्मचारीको-
नाम, थरः
हस्ताक्षरः
मितिः २०    ।    ।

रकम बुझ्ने मृतकको परिवारको व्यक्तिको-
नाम, थरः
हस्ताक्षरः
मितिः २०    ।    ।

**(पुनश्चः सबै वडा कार्यालय र महिला विकास उपशाखाले वेवारिसे व्यक्ति र नागरिकताविहिन परिवारलाई समेत यही ढाँचामा अभिलेख राखी मृत्यु संस्कार व्यवस्थापन खर्च लेख्ने व्यवस्था मिलाउनु पर्नेछ)**

कानेपोखरी गाउँ कार्यपालिकाको मिति २०७९।०४।२४ गते बसेको बैठकद्वारा स्वीकृत